परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION
साप्ताहिक

पानीको सही सद्‍पयोग गरौं । पानी महसुल समयमै तिरी अनावश्यक जरिवानाबाट बचौं ।

नेपाल खानेपानी संस्थान शाखा
कार्यालय देवकोटा चौक
विराटनगर

❑ वर्ष ९ ❑ अंक ४७ २०७८ आषाढ २० गते आईतवार Sunday 4, JULY 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## सौन्दर्यकरण(व्यूटिफिकेशन) गर्नको लागि बृक्षारोपण

हिरालाल साह

बिराटनगर, आषाढ १४ गते । विराटनगर महानगरपालिकालाई सौन्दर्यकरणको लागि बृक्षारोपन कार्यक्रम अन्तर्गत आज विराटनगर महानगरपालिका वडा नं. १२ स्थित जनता आधारभुत स्कुल देखि देखि कामत चौकसम्म बृक्षारोपण शुभारम्भ गरिएको छ ।

एक कार्यक्रमको आयोजना गरी बिराटनगर महानगरपालिका वडा नं. १२ का वडा अध्यक्ष हिरालाल कामतको प्रमुख आतिथ्यमा फुलको बिरुवा रोपी शुभारम्भ गरिएको हो ।



बृक्षारोपण कार्यक्रमलाई सम्बोधन गर्दै प्रमुख अतिथि कामतले भने बिराटनगर महानगर पालिका वडा नं. १२ बखरी वासी जनताहरु सुन्दर, हरियाली वातावरणीयको साथै स्वस्थ्य हावा अक्सिजन पाउनेछन् भनी आशाका साथ सडकको दुवै तर्फ फूलको विरुवा रोप्न कार्यको शुभारम्भ गरेका छौ । यो विरुवाको संरक्षण गरी वातावरणलाई स्वास्थ्य वनाउन आम जनतालाई सहयोग गर्न आग्रह गरेका थिए । वडा नं. १२ लाई महानगरपालिकाकै नमुना सौन्दर्यकरण (ब्युटिफिकेशन) को रुपमा बिकसित गर्दै लाने वहांको भनाई थियो ।

उक्त अवसरमा बिराटनगर महानगरपालिकाको वातावरण शाखाका प्रमुख अनिता कोइरालाको समेत उपस्थिति रहेको थियो । कोइरालाका अनुसार अनुसार जाकारण्डा जातको निलो फुल फुल्ने ६ सय ६० थान फुलको बिरुवा सडकको दुवै तर्फ २० फिटको दुरिमा लगाउने योजना रहेको त्यसको लागि उपभोक्त समितिको साझेदारीमा करीब २५ लाख बजेट खर्च हुने अनुमान गरिएको छ । फूलविरुवाको संरक्षणको लागि फलामको घेरा समेत लगाएको अरविन्द मण्डलले बताए ।

बृक्षारोपण स्थानिय स्तरमै उपभोक्ता समिति मार्फत भैरहेको र बिरुवाको रेखदेखको लागि कुशेश्वर राजवंशीको संयोजकत्वमा संरक्षण समिति पनि गठन गरिएको छ ।

सो कार्यक्रममा उपभोक्ता समितिका पदाधिकारीहरु, संरक्षण समितिका पदाधिकारीहरु, बखरी प्रहरी चौकीका इन्चार्ज, र स्थानिय वासीहरुको उपस्थिति रहेको थियो ।

## दुई स्थानमा चोरी गरेको आरोपमा पक्राउ

सुनसरी । सुनसरी जिल्लाको ईटहरी उप-महानगरपालिका एरियाको छुट्टाछुट्टै दुई स्थानमा चोरी गरेको आरोपमा दुई जनालाई प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेहरुमा ईटहरी उप-महानगरपालिका वडा नं. ३ का २९ बर्षीय सुमन तामाङ र धरान उप-महानगरपालिका-१९ का २४ बर्षीय सुरज परियार रहेका छन् ।

तामाङ ईटहरी उपमहानगर पालिका वडा नं. ३ का अनन्त प्रसाद पौडेलको घर कोठामा रहेको नगद १ लाख ३५ हजार र १४ हजार मुल्य बराबरको सुनको गहना चोरी गरेको आरोपमा पक्राउ परेका हुन् ।

जेष्ठ १२ गते पौडेलको घर कोठाबाट नगद तथा गहना हराएको भन्ने सूचनाका आधारमा चोरीमा संलग्न रहेका ब्यक्तिको खोजतलासमा खटिएको प्रहरी टोलीले तामाङलाई पक्राउ गरेको हो । तामाङको साथबाट प्रहरीले नगद ६९ हजार ५ सय नगद

वांकी अन्तिम पेजमा...

## प्रदेश १ मा २७१ जनामा कोरोना संक्रमण पुष्टी

विराटनगर । प्रदेश १ मा शनिवार २७१ जनामा कोरोना संक्रमण पुष्टी भएको छ भने ५८० जना कोरोना संक्रमणमुक्त भएका छन् ।

संक्रमणमुक्त हुनेमा २६४ महिला र ३१६ जना पुरुष रहेका छन् । हालसम्म संक्रमणमुक्त हुनेको संख्या ६४ हजार ७४३ पुगेको छ ।

प्रदेश १ मा को सुनसरी जिल्लामा १३५, मोरङमा ६२, झापामा ३४, उदयपुरमा १६, धनकुटामा ८, तेऱ्हथुममा ४, इलाम र संखुवासभामा ३/३, पाँचथरमा २ र प्रदेश १ बाहिरका ४ जनामा संक्रमण पुष्टी भएको सामाजिक विकास मन्त्रालयले जनाएको छ ।

सुनसरी जिल्लाको धरानमा ७२, बराहक्षेत्रमा २७, इटहरीमा २५, रामधुनीमा ४, दुहवीमा ३, बर्जु र गढीमा १/१ र स्थानीय तह नखुलेका २, जनामा कोरोना पुष्टी भएको छ । मोरङको विराटनगरमा ४०, केराबारीमा ६, बुढीगंगामा ५, पथरीशनिश्चरेमा ४, बेलबारीमा २, कटहरी, ग्रामथान, उर्लाबारी, मिक्लाजुङ र लेटाङमा १/१, झापाको दमकमा १७, भद्रपुर र मेचीनगरमा ५/५, कमल गाउँपालिकामा ४, विर्तामोडमा २ र शिवसताक्षीमा १ जनामा संक्रमण देखिएको छ ।

त्यसैगरी उदयपुरको त्रियुगामा

वांकी अन्तिम पेजमा...

## श्रीमान्‌द्वारा श्रीमतिको हत्या

बिराटनगर । जिल्ला मोरङ वेलबारी नगरपालिका वडा नं ७ बस्ने वर्ष ४८ की सिता घिमिरेलाई श्रीमान बर्ष अन्दाजी ५६ को अम्बिका घिमिरेले मुग्रोले हानी हत्या गरेको छ ।

श्रीमान मादक पदार्थ सेवन गरी आषाढ १८ गते राती घरमा आई श्रीमतीसँग सामान्य वादविवाद भई दुवै जना सुतेको र निज श्रीमान राती उठी एक्कासी आवेसमा आई काठको मुङ्ग्रोले निदाई रहेकी श्रीमतीको वाँया कन्चटमा चार/पाँच पटक प्रहार हत्या गरेको हो ।

श्रीमतिको मृत्यु भएपछि श्रीमानले सिरानीले मुङ्ग्रो छोपी लुकाई भागि फरार भएको हुँदा ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले शनिवार जिल्ला मोरङ वेलबारी नगरपालिका वडा नं ७ स्थित निजको घर देखी अन्दाजी २ कि.मी.दक्षिणमा रहेको खाली ग्वालीमा बसी रहेको अवस्थामा पक्राउ गरिएको थियो ।

पक्राउ परेका घिमिरेलाई ज्यान सम्बन्धी कसूरमा थप अनुसन्धान कार्य भई रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

## लागुऔषध ब्राउनसुगर बरामद

सुनसरी । सुनसरी ईटहरी उपमहानगर पालिका वडा नं. १६ स्थित पुर्व पश्चिम राजमार्गमा लागूऔषध ब्राउन सुगर सहित एक जनालाई पक्राउ गरिएको छ ।

पक्राउ पर्नेमा भारत अररिया जोगवनी १० घर भई हाल मोरङ विराटनगर १० वरगाछीमा डेरा गरी वस्ने ३४ बर्षीय सुरज चौधरी रहेका छन् ।

शुक्रवार बिशेष सुचनाको आधारमा लागूऔषध नियन्त्रण व्युरो काकडभिट्टा र ईलाका प्रहरी कार्यालय ईटहरी सुनसरीबाट खटिएको प्रहरी टोलीले पुर्वबाट

वांकी अन्तिम पेजमा...

## लागुऔषध गाँजा सहित महिला पत्राउ

उदयपुर । उदयपुर, बेलका नगरपालिका ८ कोठु स्थितबाट १ केजी गाँजा सहित एक जना महिलालाई पक्राउ गरिएको छ । पक्राउ पर्नेमा भोजपुर हचुवागढी ४ कि १९ बर्षीया सुजता मग्राती रहेकी छन् ।

हिजो बेलुका ४ बजे अस्थाई प्रहरी पोष्ट कोठुबाट खटिएको प्रहरी टोलीले दक्षिण तर्फ जादै गरेको बोलेरो पिकअपमा सवार रहेकी मग्रातीको जेब्रा झोलामा लुकाई ल्याएको लागुऔषध गाँजा १ केजी बरामद गरेको हो ।

मग्रातीलाई ईलाका प्रहरी कार्यालय रामपुरठोक्सिला लगी थप अनुसन्धान भईरहेको छ ।






# कोरोना विमाको भुक्तानी माग गर्दै ज्ञापनपत्र



विराटनगर। कोरोना बिमा वापत रकमको भुत्तानी माग गर्दै विराटनगरका कोरोना पीडित पत्रकारहरुले बिमा कम्पनीलाई ज्ञापन पत्र बुझाएका छन्।

नेपाल पत्रकार मोरंग शाखाले पत्रकारहरुको कोरोना विमा गरेका अजोड इन्सुरेन्स लि.का प्रबन्धक केदारबहादुर खत्रिसमक्ष बिमाबाट रकम नपाएका पत्रकारहरुको टोलीले शक्रवार ज्ञापनपत्र बुझाएका हुन्। विमा गर्ने बेलामा कोरोना पोजिटिभ देखिएको एक हप्ता भित्र बीमा रकम भुक्तानी पाउने जानकारी गराएका थिए। तर बीमा दाबी गरेको एघार महिना बितिसक्दा पनि भुक्तानी नदिएपछि बाध्य बभई ज्ञापनपत्र बुझाएका हुन्।

'तपाईंहरूले नेपाल सरकारको घोषित कार्यक्रम कार्यान्वयन गर्नुभएको हो। हामीले तपाईंहरुले तोकेको प्रिमियम तिरेर बीमा गरेका हौं। तपाईहरुले हामीसँग लिखित सम्झौता गर्नुभएको छ,' ज्ञापन पत्रमा उल्लेख छ, 'तर, हामीले पाउनु पर्ने भुक्तानी अझै पाएका छैनौं। हामीले गरेको बीमा दाबीको प्रक्रिया कहाँ पुगेको छ र के हुँदैछ ? भन्ने अन्यौलपूर्ण अवस्था छ।'

ज्ञापनपत्रमा पत्रकारहरुले तीन दिनभित्र लिखित जानकारी दिन र एक हप्ताभित्र दाबी रकम भुक्तानी गर्न माग समेत गरेका छन्। आफुहरुको माग सम्बोधन नभए सम्पूर्ण पीडित बिमितहरुलाई संगठित गरेर संघर्ष गर्ने उनीहरुको चेतावनी दिएको छ।

'तीन दिनभित्र लिखित जानकारी दिन र एक हप्ताभित्रमा दाबी रकम भुक्तानी गर्न अनुरोध गर्दछौं,' ज्ञापनपत्रमा भनिएको छ, 'अन्यथा हामी सम्पूर्ण पीडित बिमितलाई संगठित गरी यस कम्पनीको विरुद्धमा चरणबद्ध रुपमा कानूनी र अन्य खालका संघर्षमा उत्रने जानकारी समेत दएको छ।'

विमा रकम भुक्तानी नपाएका पिडित पत्रकारहरुले उक्त ज्ञापनपत्र जिल्ला प्रशासन कार्यालय मोरङ, बिमा समिति काठमाडौं र नेपाल पत्रकार महासंघ केन्द्र, प्रदेश र जिल्लासमितिलाई समेत बोधार्थ दिई पठाएको छ।

## दुई...

समेत बरामद गरेको छ।

त्यसैगरी ईटहरी उपमहानगर पालिका वडा नं. ६ मा रहेको कुलनयन ट्रेडसबाट नाईट्रोजन ग्यास सिलिण्डर चोरी गर्ने सुरज परियारलाई मोरङको सुन्दरहरैचा ३ बाट चोरी भएको नाईट्रोजन ग्यास सिलिण्डर सहित पक्राउ गरेको ईलाका प्रहरी कार्यालय ईटहरीले जनाएको छ।

चोरीको आरोपमा पक्राउ परेका दुबै जनाको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## प्रदेश १ मा...

१६, धनकुटाको धनकुटा नगरपालिकामा ६ र स्थानीय तह नखुलेका २, तेऱ्हथुमको लालीगुराँसमा ३ र स्थानीय तह नखुलेका १, इलामको इलाम नगरपालिकामा ३, संखुवासभाको चैनपुरमा १ र स्थानीय तह नखुलेका २, पाँचथरमा २ र प्रदेश १ बाहिरका ४ जनामा संक्रमण देखिएको छ।

प्रदेश १ मा कोरोना संक्रमितको संख्या ७२ हजार ७२६ पुगेको छ। सक्रिय संक्रमितको संख्या ६ हजार ७२२ रहेको छ। प्रदेश १ मा आज ५७५ जनाको पीसीआर परीक्षण गरिएको छ। परीक्षण गरिएका मध्ये ११४ महिला र १५७ पुरुषको रिपोर्ट पोजेटिभ आएको सामाजिक विकास मन्त्रालयले जनाएको छ।

## लागुऔषध...

पशिचम तर्फ जादै गरेको टेम्पोमा पछाडी सवार रहेका चौधरीलाई चेकजाँच गर्दा उनको साथबाट लागूऔषध ब्राउन सुगर ८४ ग्राम बरामद गरेको छ।

पक्राउ परेका चौधरीलाई ईलाका प्रहरी कार्यालय ईटहरीबाट थप अनुसन्धान भईरहेको छ।

## जलश्रोत तथा सिचाई विकास डिभिजनको सूचना

यस वर्ष विगतमा भन्दा औषतमा धेरै वर्षहुने मौषम विदहरुको अनुमान छ। अधिक वर्षले निम्त्याउन सक्ने बाढी/पहिरो बाट वर्षेनी ठूलो मात्रामा जनधनको क्षेती हुने गरेको छ। तसर्थ : बाढी पहिरो, नदी कटान तथा डुवानका जोखिम युक्त स्थानहरुमा घर तथा संरचनाहरु निर्माण गरी सबोवास गरिरहनु भएको छ भने तपाई जलउत्पन्न प्रकोपको उच्च जोखिम क्षेत्रभित्र हुनुहुन्छ। प्राकृतिक विपदलाई कसैले जित्न सक्दैन त्यसैले समयमै सुरक्षित स्थान छनौट गरि बसोवास गर्ने, नदिको प्राकृतिक बहाब मार्गलाई अवरोध नगरी, नदी कटान तथा पहिरो रोकथाम संरक्षणका लागी बनाइउका संरचनाहरुको संभार संरक्षण, नदिजन्य पदार्थको अवैज्ञानिक उत्खनन् चोरी निकासीलाई आ-आफ्नो क्षेत्रबाट खबरदारी गर्नुहुन लगायत आम संचार माध्यम, बाढीको पुर्वसूचना प्रदान गर्ने टोल फ्री नम्बर ११५५ र चौविसै घण्टा सम्पर्क हुने टेलिफोन ०१-४११३१९१ र ०१-४४८६८६९ बाट आवश्यक जानकारी प्राप्त गर्नुहुन सम्बन्धित सबैमा हार्दिक अनुरोध गरिन्छ।

**जलश्रोत तथा सिचाई विकास डिभिजन मोरंग, प्रदेश नं. १**

## नेपाल खानेपानी संस्थान

### शाखा कार्यालय विराटनगरको

### ग्राहकबर्गमा जरूरी सुचना

हाल बिश्वब्यापीरुपमा फैलिएको कोरोना (कोबिड–१९) भाईरसको संक्रमण रोकथाम तथा नियन्त्रणका लागि श्री जिल्ला प्रशासन कार्यालय मोरङबाट मिति २०७८/०१/१९ गते देखी जारी भएको निषेधाज्ञाको अबधीभर यस नेपाल खानेपानी संस्थान बिराटनगर शाखाबाट पानी उत्पादन, बितरण, पाईप र मिटर मर्मत तथा जनगुनासो सुनुवाई जस्ता अत्यावश्यक कार्यहरु नियमित रुपमा सञ्चालन हुने ब्यहोरा अनुरोध गर्दै हालको जटिल परिस्थितिमा मिटर रिडिङ्ग कार्यमा खटिने मिटर रिडर कर्मचारीहरु ग्राहकको घरसम्म गई रिडिङ्ग कार्य गर्न सक्ने अवस्था नरहेको हुँदा ग्राहक महानुभावहरुले आफनो सम्बन्धीत एरियाका तपसिल बमोजिमका मिटर रिडरहरु सँग सम्पर्क गरी ग्राहकको आई.डी., नाम र मिटरमा उठेको अंक टिपाई अनलाईन सिष्टम (E –Sewa, Khalti App, Prabhu pay, Phone pay) आदिबाट समेत महशुल भुक्तानी गर्न सकिने ब्यहोरा अनुरोध गर्दै यसबाट सेवाग्राहीमा पर्नसक्ने असुबिधा प्रति संस्थान क्षमाप्रार्थि छ।

**तपसील**

| सि.नं. | कर्मचारीहरुको नाम | मोबाईल नम्बर | एरिया नम्बर |
|---|---|---|---|
| १. | सन्दिप अर्याल | ९८४२१२८५७८ | १३ र १७ |
| २. | श्यामचन्द्रलाल कर्ण | ९८४२०६८२७८ | १२ , १५ र १६ |
| ३. | नारायण कुमार खड्का | ९८४२०५४४३८ | ९, १० र ११ |
| ४. | सन्जित राय | ९८४२०९६८६८ | १, २ र १८ (सरकारी ) |
| ५. | सत्यनारायण मण्डल | ९८४२३३२४६९ | ३, ४ र १४ |
| ६. | उत्तम पासवान | ९८१४३६३४८१ | ५, ६, ७ र ८ |
| ७. | होम प्रसाद चम्लागाईं (सुचना अधिकारी ) | ९८५२०८१०१३ | कार्यालय सम्बन्धी गुनासो एव थप जानकारीका लागि सम्पर्क गर्नुहुन। |






## सुनसरी मोरंग सिचाई योजनाको नहर प्रणाली क्षेत्र भित्र अनाधिकृत रूपमा बनाइएका घर टहरा तथा घेरवारहरू हटाउने वारेको

### अत्यन्त जरुरीसूचना

यस सुनसरी मोरंग सिचाई योजना अन्तर्गत मूल नहर शाखा, उपशाखा, प्रशाखा, टर्सरी र भि.सी. नहरको डिल अतिक्रमण गरी अनाधिकृत रुपमा घर, टहरा बनाई बसोवास गरेको, बालीनाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल आदि लगाएको र नहरको डिल भत्काई पानी संचालन र नहर मर्मत सम्भार एवं सर्भिस रोड समेत अतिक्रमण भई नहर संचालन गर्न कठिनाई भएका साथै नहरको जग्गा संरक्षण र व्यवस्थापनमा समेत कठिनाई परेकोले बनाईएका घर टहरा गोठ एवं अन्य सामग्री र गार्य बस्तु बाध्न पूर्ण रुपमा रोक लगाईएको व्यहोरा सरोकारवाला सबैमा जानकारी गराईन्छ। यो सूचनालार्य अटेर गरि नहरको डिलहरुमा कुनै किसिमको घर, टहरा, बाली-नाली, बोटविरुवा, दलहन तथा परालको माच, टाल नहरको डिलमा रहेको पाइएमा सो कार्यालयले हटाउन परेको खण्डमा सोको हर्जाना समेत सम्बन्धित व्यक्तिहरुबाटै अशुल उपर गरिने र हटाउँदा पर्ने क्षतिको जवाफ देही समेत सरोकारवाला आफैले व्यहोर्नु पर्ने व्यहोरा जानकारी गराईन्छ।

**सुनसरी मोरंग सिंचाई योजना विराटनगर**

परिवर्तनको लागि
क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशकःश्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउटःविजय कु.मण्डल
मुद्रकःबाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेलःcrimeopration@gmail.com

## सम्पादकीय

# पहुँच बालाको हातमा बजेट

नेपालमा नयांवर्ष बैशख १ गत देखि सुरु भएपनि आर्थिक वर्ष भन्ने श्रावन १ गते देखि सुरु हुन्छ। अहिलेको लोकतान्त्रिक गणन्त्रात्क प्रणाली अनुसार तीन तहमा विभाजन भएको छ। संघिय, प्रदे श र स्थानीय यी तिनै तहको वर्ष भरि गरिने क्रियाकलापको लागि तीनै तहमा बजेट प्रस्तुत भई सकेको छ। नेपालमा संघियताको कार्यान्वय भएपछि तीन थरीका बजेट प्रस्तुत भईरहेको छ। संघिय बजेट, प्रदेश बजेट र स्थानीय बजेट यी तीनै तहको आर्थिक वर्ष २९७८/०७९ को लागि बजेट प्रस्तत भई सकेको छ। बजेटको कार्यान्वयनको पक्षलाई जनीकवाट अनुगमन र निगरानी हुने भएकोले यसलाई सकारात्क रुपमा लिनु पर्छ। तर स्थानीय तह देखि संघिय सम्मको बजेटको रातो किताव हेर्दा खेरी हालको कोरोना महामारीलाई प्राथमिकतामा राखी स्वास्थ्य, शिक्षा, पूर्वाधार निर्माण, कृषि लगायतको क्षेत्रलाई प्राथमिकता लगायतको क्षेत्रलाई बताएपनि वास्तविक रुपमा त्यस्तो देखिएको छैन। अहिलेको बजेटपनि पहुँचवाला मन्त्री, सांसद, राजनैतिक दलका कार्याकर्ताहरुको प्राथमिकता भएको क्षेत्रमा बजेट खन्याएको देखिन्छ। धेरै बजेटहरु पहँच पुगेका मन्त्री, सांसद, योजना बनाउन सहभागी भएका कर्मचारीहरु मनोमानी ढगले आ-आफ्नो स्वार्थ पुर्ति हुने ठाउँमा बजेट खन्याएको भनेर चर्को बहसको विषय बनेको छ।

बजेट भनेको सब भन्दा पहिले उच्च प्राथमिकता भएको क्षेत्रलाई समेट्नु पर्दछ। अहिलेको मुख्य प्राथमिकता कोरोना महामारी नियन्त्रण, स्वास्थ्य क्षेत्रको विकास कोरोना महामारीको वेला फ्रन्टलाईमा बसेर काम गर्ने स्वास्थ्य क्षेत्रका कर्मचारी, प्रहरी, सेना र संघिय, प्रदेश र स्थानीय तहले घोषणा गरेको गौरव मै योजनाहरुलाई पुरा गर्ने गरी बजेट आउनु पर्ने हो। तर सो नभई राजनीतिक दलका नेता, कार्यकता, आफन्त नातागोतालाई पाल्ने किसिमको बजेट विनियोजन भएका देखिन्छ। प्रदेश १ मा त मुख्यमन्त्रीसँग जोडिएका नाममा बजेट थुप्रीएको छ। आ-आफ्ना क्षेत्रलाई प्राथमिकता दिएर मन्त्रीहरूको योजना मात्रै समेटेको भन्दै प्रदेशसभामा सत्ता पक्षकै सांसदले जोडदार अवाज उठाएको देखिन्छ।

सातैवटा प्रदेशमा स्थानीय आवश्यकताभन्दा पहुँचका आधारमा आफ्ना क्षेत्रमा बजेट केन्द्रित भएका छन्। बजेट ल्याउन प्रकृया पूरा गर्ने तर पहुँचकै आधारमा योजना र बजेट बनाई वितरण गर्ने हुँदा संघीय संरचनाअनुसार प्रदेशहरूले आफूलाई अझै अब्बल बनाउन सकेको देखिदैन। संविधानमा उल्लेख भएबमोजिम संघीयताको मर्म र भावनाको कदर यस्ता कृयाकलापले गर्दैन। बेतिथिकै बाटोमा प्रदेश पनि हिँडेको प्रष्ट हुन्छ। पहुँचको आधारमा बजेट खन्याउने हो भने सोचेको लक्ष्य कहिले पुरा हुँदैन त्यसैले पहुँचको आधारमा बजेट बनाउने काम अविलब्व रोकी प्राथमिकताको क्षेत्रलाई आधार बनाएर बजेट बनाउनु पर्छ।

# कटहरी गाउँपालिकाद्धारा २०७८-०७९ को लागि ४४ करोड ९९ लाख बारको बजेट प्रस्तुत

बिराटनगर। मोरंगको कटहरी गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि कुल ४४ करोड ९९ लाख ३२ हजार ६ सय रुपियाँको अनुमानित बजेट प्रस्तुत गरेको छ।

कटहरी गाउँपालिकाको नवौं गाउँसभाको पहिलो बैठकमा सो बजेट प्रस्तुत गरेको हो। बजेटको पूर्णपाठ यस प्रकारको रहेको छ।

सभाका आदरणीय उपाध्यक्षज्यू, सम्मानित गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित अतिथि

महानुभावहरु,

कटहरी गाउँपालिका र स्वयम् आफ्नो तर्फ बाट यहाँहरु सबैलाई हार्दिक स्वागत तथा न्यानो अभिवादन टक्र्याउन चाहन्छु। यस गाउँपालिकाको अध्यक्षको हैसियतले यस गरिमामय सभामा आर्थिक वर्ष तर्फ ०७८/०७९ को वार्षिक नीति तथा कायर्पक्रम पेश गर्न उभिएको छु। यस गौरवपूर्ण अवसरमा सर्वप्रथम नेपाली नागरिकहरुको स्वतन्त्रता तथा अमनचैन प्राप्तिका लागि विभिन्न कलिखण्डमा आफ्नो प्राण आहुति गर्नु हुने सम्पूर्फ ज्ञात अज्ञात वीर सहिदहरु प्रति भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछु। साथै घाइते र वेपत्ता नागरिक प्रति सम्मान प्रकट गर्दछु। राजनैतिक सामाजिक परिवर्तनमा नेतृत्वदायी भूमिका निर्वाह गर्ने सबै अग्रजहरु प्रति आदर भाव प्रकट गर्दछु। हामी निर्वाचित भएर यस गाउँपालिकाको विकास र समृद्धिमा लागेको चार कार्यकाल वित्न लागेको छ। वितेका आार्थक वर्षको भोगाईको क्रममा विकास र समृद्धिको लागि हामीसंग अवसरहरुसंगै विविध समस्या तथा चुनौतिहरु पनि त्यतिकै रहेको हामीले अनुभव गरेका छौ हामीसंग उपलब्धी सीमित साधन र श्रोतका बावजुद पनि यस क्षेत्रको विकास कसरी गर्न सकिन्छ भन्ने तर्फ हाम्रो सम्पुर्ण कटहरी परिवार चिन्तित थियो र छ। गणतन्त्र, संघीयतासँगै बढेका जनताका आकाँक्षा चाहना र भावनालाई सम्बोधन गर्दे दृढ संकल्पका साथ आ.व. २०७८/०७९ को वार्षिक नीति तथा कार्यक्रम यस सममानित सभा मार्फत समग्र कटहरी गाउँपालिकाका नागरिकहरु समक्ष राख्न पाउँदा म आफु र यस सालाई गौरवान्वीत ठानेको छु। यस महत्व पूर्ण अवसरमा यस गाउँपालिकाको संमृद्धि र विकासको मार्गमा लागि रहने अठोटका साथ नीति तथा कार्यक्रम तर्जुम ागर्ने कार्यमा सहयोग पुर्याउनु हुने उपाध्यक्ष ज्यू, वडाध्यक्षहरु, गाउँ कार्यपालिकाका सदस्यज्यूहरु, कर्मचारी साथीहरु लगायत सम्पूर्ण साहीहरुलाई धन्यवाद दिन चाहन्छु।

उपाध्यक्षज्यू, गाउँसभाका सदस्यज्यूहरु, महानुभावहरु,

अब म आर्थिक वर्ष २०७८/०७९ का लागि कटहरी गाउँपालिकाको 'समृद्धिको मार्ग चित्र' समेटी तयार गरिएको निति तथा कार्यक्रम र बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छ।

१. आर्थिक विकास

१.१ कषि तथा पशु विकास

- कृषिको उत्पादन र उत्पादकत्व वृद्धिको लागि कृषिलाई आधुनिकीकरण यान्त्रिकीकरण गरिनेछ। कृषक समूह तथा कृषि सहकारीलाई आधुनिक कृषि औजारहरु सहुलियत पूर्ण साझेदारी कायृक्रम मार्फत सहयोग गरिने छ। गाउँपालिकामा मकै, धान तथा तरकारीका साना व्यवसायिक कृपि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम संचालन गरिनेछ। मल्चिङ तथा टनेल प्लाष्टिक प्रविधिको प्रयोगवाट फलफुल तथा तरकारी उत्पादन गर्न किसानलाई आवश्यक सहुलियत दिईनेछ। बाली उपचार शिविर संचालन तथा स्थलगत घुम्ती सेवा प्रदान गर्ने साथै अगुवा कृषकहरुसंग छलफल, सहकार्यमा जोड दिईनेछ।

- बाख्राको साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम आगामी आ.व. मा पनि निरन्तरता दिइनेछ। ट्रेबिज निर्माणको साथै पशुमा लाग्ने रोगको पहिचान र उपचारका लागि रोग निदान, खोप तथा डिस्पेन्सरी कार्यक्रम संचालन गरिनेछ। पशुखोप कार्यक्रम, पशुगोठ व्यवस्थापन, पशु आहारा, पशु नश्ल सुधार जस्ता कार्यक्रमलाई निरन्तरता दिइनेछ। दुग्ध व्यवसायलाई प्रवर्धन गर्न प्रोत्साहान गरिने छ।

- कृषिप्रधान देश नाम र मामका लागि मात्र होइन, काम र दामका लाीगि भन्ने नााका साथ व्यापक एवं सघन कृषि कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइनेछ। यस गाउँपालिका भित्र उत्पादित कृषिजन्य वस्तुहरुको भण्डारणका लागि शीत भण्डारणको निर्माणमा प्राथमिकता दिईनेछ।

- वर्षमा प्रत्येक वडाका १/१ जना उत्कृष्ट कृषक छनौट गरी पुरस्कार प्रदान गरेर कृषिकहरुलाई उत्प्रेरित गर्ने नीति क्रमश कार्यान्वयन गरिदै जानेछ।

१.२ उद्योग-वाचिज्य तथा रोजगार क्षेत्र

- स्वरोजगार र आय आर्जनको अवसर सिर्जन ागर्न स्थानीय श्रोत साधनमा आधारित घरेलु तथा साना उद्योग प्रवर्द्धन गर्ने र सम्बन्धित निकाय संघ संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरु संचालन गरिनेछ।

- रोजगारी प्रवर्द्धनका लागि युवायुवतीहरुलार्य इलेक्ट्रोनिक्स, सिकर्मी, डकर्मी, उद्घोषण जस्ता सीपमुलक तालिमका अलावा टोल/बस्ती स्तरवाट माग भई आएका र गाउँपालिकाले यसपछाडि पहिचान गर्न सक्ने तालिमहरु समेतको व्यवस्था क्रमश: गरिने छ।

- विपन्न वर्ग, अपाङ्ग, सिमान्तकृत, एकल महिलाहरुलाई सिलाई कटाई तालिम तथा प्रविधी हस्तान्तरण कार्यक्रम, पशु आहार घरमै उत्पादन गर्ने जस्ता सीपमूलक कार्यक्रमहरु तालिम दिइनेछ।

- लघु उद्यम विकासको माध्यमवाट गरिवी निवारण गर्न लघुउद्यम कार्यक्रम संचालनलाई व्यापक बनाईनेछ। यूवा रोजगारीका लागि रुपान्तरण पहल परियोजना र प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत कामका लागि पारिश्रमिक अनुधान संचालनमा जोड दिईनेछ।

१.३ पर्गटन क्षेत्र

- गाउँपालिका क्षेत्र भित्रको बालुघाटलाई उत्कृष्ट पर्यटकीइ स्थलको रुपमा विकास गरिनेछ। बाबा बसस्खण्डी मन्दिर, राम जानकी मन्दिर जस्ता धार्मिक तथा सांस्कृतिक स्थलहरुको संरक्षण एवं सम्वर्द्धन तथा स्थानीय जातजातिको भेषभूषा र संस्कृतिको संरक्षण गर्न आवश्यक पहलहरु गरिनेछ। हरित र वातावरण मैत्री पर्यटनलाई प्रवर्द्धन गरिनेछ। वाीजघाटिाई उत्कृ पयणटकीय स्थिको रुपमा लवकास गररनेछ।

१.४ सहकारी क्षेत्र

- सहकारी क्षेत्रलाई यस ठाँउको आर्थिक विकासको महत्वपूर्ण खम्बाको रुपमा विकास गर्न सहकारी संस्थाहरुको स्थापनालाई जाड दिइनेछ। सरकारी तथा सहकारी साझेदारीमा संचालित कार्यक्रमहलाई प्राथमिकता दिईनेछ। गाउँपालिका भरिका सहकारी गतिविधि र कामहरुको अनुगमन गरिने छ।

- सहकारी शिक्षा, तालिम र सूचनालाई व्यापक र प्रभावकारी बनाउन गाउँपालिकाको सम्बन्धित निकाय तथा सहकारी संघ-संस्थाहरुलाई प्रभावकारी ढंगले परिचालन गरिनेछ। संस्थाहरुको क्षमता अभिवृद्धि गर्न र व्यवस्थपन क्षमता बढाउन (कोपोमिस) लेखा तथा व्यावसायि सहकारी अनुशिक्षण र तालिमलाई अनिवार्य गरिदै लगिनेछ।

२. सामाजिक विकास

२.१ शिक्षा, यूवा तथा खेलकुद विकास क्षेत्र

- "गुणस्तरीष शिक्षा, कटहरीको आवश्यकता" भन्ने नाराका साथ कटहरी गाउँपालिका शिक्षा क्षेत्रको विकासलाई प्रमुख प्राथमिकता दिईनेछ। अनुगमन तथा सुपरीवेक्षण कार्यलाई प्रभावकारी बनाउदै गुणस्तरीय शिक्षालाई सुनिश्चित गरिनेछ। कक्षा १ देखि ८ को स्थानीय पाठ्यक्रम तयार गरी लागु गरिनेछ।

- एसइइ परक्षामा सर्वोत्कृष्ट नतिजा ल्याउने एक जना छात्र/छात्रालाई ल्यापटप उपलब्भ गराइनेछ। साथै कक्षा ८ को परिक्षामा सर्वौत्कृष्ट नतिजा ल्इाउने छात्र/छात्रालाई नगद पुरस्कारले सम्मानित गरिनेछ।

- प्रत्येक विद्यालयमा विद्यालय व्यवस्थापन समितिको गठन सम्पनन गरिनेछ। साथै व्यवस्थापन समतिका पदाधिकारीहरुको क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ। गाउँपालिका भित्र शिक्षाको गुणस्तरलाई अभिवृद्धि गर्दै शिक्षण सिकाइको प्रभाव कारितामा वृद्धि गरिनेछ।

- विद्यार्थीहरुको सर्वाङ्गीा पक्षको विकाका लाीगि गाउँपालिका भित्र रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुको सहभागिता हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य तथा गायन प्रतियोगिता, खेलकुद लगायतका क्षमता विकास तथा प्रतिभा प्रष्फुटन गराउने कार्यक्रम संचालन गरिनेछ।

- सामुदायिक बालविकास केन्द्रमा कार्यरत सहयोगी कार्यकर्ता सामुदायिक विद्यालयमा कार्यरत विद्यालयका कर्मचारीहरुलाई प्रोत्साहन गरी शिक्षाको गुणस्तर

वांकी ५ पेजमा...

# साप्ताहिक राशिफल

**मेष (चु,चे,चो,ला,लि,लु,ले,लो,अ) : दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ। मनोरञ्जन र भ्रमणको योग छ।**

**वृष (इ,उ,ए,ओ,वा,वि,वु,वे,वो) : वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ।**

**मिथुन (क,कि,कु,घ,ङ,छ,के,को,ह)** : युवा वर्गका लाीगि रमाइलो वातावरणको अवसर मिल्ने छ। इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने।

**कर्कट (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)** : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ।

**सिंह (मा,मि,मु,मे,मो,टा,टि,टु,टे)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

**कन्या (टो,प,पी,पू,ष,ण,ठ,पे,पो)** : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन। बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ।

**तुला (रा,री,रु,रे,रो,ता,ती,तु,ते)** :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला। काममा विघ्न वाधाहरु आउन सक्नेछन।

**वृश्चिक (तो,ना,नि,नू,ने,नो,या,यि,यू) : बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ। मित्रहरको सहयोग राम्रो रहने छ।

**धनु (यो,भा,भी,भू,ध,फा,ढ,भे)** : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ। व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ।

**मकर (भो,जा,जी,जू,जे,ख,खि,खू,खे,गा,गी)** : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ। महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ।

**कुम्भ (गु,गे,गो,सा,सी,सु,से,सो,द) :सानो तिनो चोटपटकको सम्भावना रहेकाले सतर्कता अपनाउनु होला। भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन (दी,दु,थ,झ,ञ,दे,दो,च,ची)** : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ। भने वादविवादमा समेत जित तपाईकै हुने छ।

# केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

## दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

## एम्बुलेन्स सेवा

जिविसि मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

## अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

## प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

# धनपालथान गाउँपालिकाद्धारा २०७८-०७९ को लागि ४८ करोड १५ लाख बारको बजेट प्रस्तुत

बिराटनगर। मोरंगको धनपाल थान गाउँपालिकाले आर्थिक वर्ष २०७८/०७९ को लागि कुल ४८ करोड १५ लाख १२ हजार ७ सय ९० रुपियाँको अनुमानित बजेट प्रस्तुत गरेको छ।

धनपालथान गाउँपालिकाको आठौ गाउँसभामा गाउँपालिका उपाध्यक्ष नसिमा वानोले सो बजेट प्रस्तुत गरेको हो। बजेटको पूर्णपाठ यस प्रकारको रहेको छ।

श्रेद्धेय सभाध्यक्ष एवं गाउँपालिका का अध्यक्ष ज्यू, गाउँसभाका सदस्यहरु

धनपालथान गाउँपालिका, गाउँसभा आठौ अधिवेशनका अध्यक्ष तथा गाउँपालिका अध्यक्ष ज्यू, माननीय प्रमुख अथिति ज्यू, गाउँसभामा उपस्थित गाउँसभाका सदस्य ज्यूहरु, प्रमुख प्रशासकीय अधिकृत ज्यू, विभिन्न राजनितिक दल तथा स्थानीय सुरक्षा निकायको प्रतिनिधित्व गर्दै गाउँसभामा उपस्थित हुनु भएका प्रमुख ज्यूहरु र विशिष्ट महानुभावहरु, गाउँपालिकाका सम्पूर्ण कर्मचारीहरु, उपस्थित पत्रकार साथीहरुमा हार्दिक अभिवादन गर्दछु।

धनपालथान गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस आठौ गाउँसभा समक्ष आगामि आर्थिक वर्ष २०७८/०७९ को आय तथा व्ययको विवरण प्रस्तुत गरि रहँदा अत्यन्त खुशी भएको छु। यस महत्वपूर्ण अवसरमा राष्ट्रियता, सामाजिक न्याय, सामाजिक रुपान्तरण, समानता र समृद्धि तथा संघिय शासन प्रणाली स्थापित गर्नका लागि जीवन बलिदान गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात शहिदहरु प्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गर्दछु। र यो महान उपलब्धिका लागि सघर्ष गर्नु हुने महान नेपालीहरु प्रति हार्दिक सम्मान प्रकट गर्दछु। साथै यस विश्वव्यापी माहामारीको कहरले गर्दा संक्रमित भई अकालमै देहत्याग गर्नुहुने सम्पूर्ण मृत्युवरण हुने सम्पूर्णमा हार्दिक श्रद्धाञ्जली व्यक्त गर्न चाहान्छु।

"कृषि, शिक्षा, स्वास्थ्यमा उन्नति, पूर्वाधार विकास सहित धनपालथानको समुन्नति" भन्ने मुल नारालाई आत्मसात गरि गाउँपालिका बासीलाई परिवर्तनको अनुभुतिदिलाउने गरि गाउँपालिका अधि बढि रहेको छ।

धनपालथान गाउँपालिकाको चालु वर्षको बजेट निर्माणका क्रममा प्रमुख रुपमा लिईएको निम्म आधारहरु प्रस्तुत गर्न अनुमति चाहान्छु।

चालु वषृको तर्जुमा निर्माणको ाक्रममा नेपालको संविधानमा व्यवस्था भएका मौलिक हक, राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरु तथा संविधानका अनुसूची ८ र ९ मा रहेका स्थानीय तहका एकल अधिकार र साझा अधिकारका सूचीहरुमा भएका व्यवस्थ, पन्ध्रौ राष्ट्रिय योजना, दिगो विकासका लक्षयहरु, स्थानीय सरकार सञ्चालन ऐन २०७४, अर्थ मन्त्रालयबाट प्राप्त मार्गदर्शन, संघीय मामिला तथा सामान्त प्रशासन मन्त्रालय र प्रदेश सरकारको तर्फबाट समग्र समयमा जारी भएको मार्गदर्शन तथा परिपत्रहरु, स्थानीय तहको बजेट तर्जुमा दिग्दर्शन २०७५, प्राकृतिक श्रोत तथा वित्त आयोग र विभिन्न विषयगत समितिबाट प्राप्त सुझावहरु, राजश्व परामर्श समतिबाट प्राप्त सुझावका आधारमा संम्भव भएसम्म जन चाहनालाई समेट्ने अभिप्रायका साथ प्रस्तुत बजेट तयार गरिएको छ।

अब म आ.व. २०७८/०७९ का लागि अनुमानित गरिएको बजेट प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गाउँपालिकाको लागि नेपाल सरकारवाट प्राप्त वित्तीय समानिकरण अनुदान रु. १३ करोड २९ लाख, संघिय सरकारवाट राजश्व वाँडफाडवाट प्राप्त रकम रु. ८ करोड २३ लाख ३० हजार, प्रदेश सरकारवाट प्राप्त वित्तीय समानीकरण अनुदान रु. ७७ लाख ७५ हजार , प्रदेश सरकारवाट प्राप्त राजश्व वाँडफाड तर्फ सवारी साधन कर वापत प्राप्त रु. ४७ लाख ५५ हजार ७९० र आन्तरिक आय स्रोत वापत रु. २ करोड ५० लाख र नेपाल सरकारवाट प्राप्त सर्शत अनुदान रु. २० करोड ८५ लाख, प्रदेश सरकारवाट प्राप्त सशर्त अनुदान रु. १७ लाख ५२ हजार गरी कुल गरी कुल जम्मा ४८ करोड १५ लाख १२ हजार ७ सय ९० को आय अनुमान गरिएको छ।

आ.व. २०७८/०७९ मा संघिय सरकारवाट प्राप्त अन्तर सरकारी वित्तीय हस्तान्तरण सामाजिक सुरक्ष अनुदान, एल.जि.सि.डि.पी. कार्यक्रम, तराई मधेश सम्वृद्धि, महिला तथा बालबालिका विकास, गरिबसंग विशेश्वर कार्यक्रम, नेपाल सरकारवाट प्राप्त हुने अन्य सशर्त अनुदान र सडक वोर्डवाट प्राप्त हुने रकम र जनसहभागिताको रकम, प्राकृतिक स्रोत साधन वाँडफाड रकम लगायतको अरु हाल सम्म जानकारीमा नआएका कारण बजेटमा समावेश गर्न सकिएको छैन। यो रकम प्राप्त हुन आएमा तत् समय तत् विषयमा विनियोजन गरिने समेत सम्मानित सभालाई जानकारी गराउन चाहन्छु।

साथै आर्थिक वर्ष ०७७/०७८ मा ाल संचालनमा रहेको योजनाको अन्तिम फरफारक हुन वाँकी रहेको र विश्वव्यापी महामारीको रुपमा फैलिरहेको कोरोना भाईरस (कोभिड-१९) को कारण तथा विविध कारणले संचालन हुन नसकेका नेपाल सरकार र प्रदेश सरकार बाट प्राप्त सशर्त अनुदान बाहेकका वडास्तरीय, गाउँपालिका स्तरीय, विषयगत शाखाहरु तथा बोलपत्रद्धारा कार्य प्रकृयामा रहेका योजना तथा कार्यक्रमलार्य आ.व. ०७८/०७९ मा समावेश गरी निरन्तर रुपमा कार्यान्वयन गर्ने प्रस्ताव गर्दछु।

चालु वर्षको बजेटका निम्न उदेश्य रहेका छन्।

- कोरोना विरुद्ध आपश्यक क्रियाकलाप सञ्चालन गर्ने।
- पूर्वाधारको विकास गर्ने।
- कृषिमा विविधिकरण।
- गाउँपालिकावाट प्रवाह हुने सेवाहरुलाई सरल, सहज र प्रविधी मैत्री वनाउने।

यी उदेश्य पुरा गर्न चालु आ.व. का प्राथमिकताहरु

- कोरोना संक्रमण रोकथामका लागि व्यवस्थापनका लागि आवश्यक क्रियाकलाप सञ्चालन।
- सडक पुर्वाधार निर्माण र स्तरोन्नती।
- कृषि पर्यटन प्रवर्द्धन तथा कृषि प्रविधिको आधुनिकिकरण।
- वातावरण संरक्षण।
- रोजगारीको अवसरमा वृद्धि।
- पर्यटकीय गन्तव्यहरुको उजागर गरी आर्थक उपार्जनसँग जोड्ने।
- सेवा प्रवाहमा प्रभावकारीता।
- सुशासनमा जोड।

बजेटले राखेका उदेश्य एवं प्राथमिकता कार्यान्वय गर्न संघिय सरकार र प्रदेश सरकारसंग समन्वय गरी आवश्यक स्रोत साधन एवं बजेट माग गरिनेछ।

व्यय तर्फको अनुमान तपसिल अनुसार प्रस्ताव गर्दछु।

१. यस गाउँपालिका भित्रको आर्थिक महत्व र गाउँपालिकावाट गौरवको आयोजना ७ वटा सडकहरुको निर्माण कार्य क्रमागत रुपमा अगाडि बढाउन तपसिलका योजनाहरुको लागि रु. ६ करोड ४५ लाख विनियोजनको प्रस्ताव गरेको छु।

क) कदमाहा नोचा सडक कालोपत्रेका लागि रु. १ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ।

ख) कर्सिया पानीर्टकी कालिका प्रा.वि. हुँदै लखनतरी आनन्द चौक जोड्ने सडक कालोपत्रेका लागि ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

ग) शारदा स्कुल दषिण हर्कपुर हुँदै लखनतरी आनन्द चोक सम्मको सडक कालोपत्रेको लागि रु. ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

घ) भङ्गा पुल देखि उत्तर जाने सडक कालोपत्रेको लागि रु ५० लाख विनियोजन प्रस्ताव गरिएको छ।

ङ) मायागञ्ज वेतौना सडक कालोपत्रेको लागि रु. १ करोड ५० लाख विनियोजन प्रस्ताव गरिएको छ।

च) लक्ष्मीमार्ग गणेशवैठाको घरदेखि लखनतरी हुँदै कुशमाहा जोड्ने सडक कालोपत्रेको लागि रु ७० लाख विनियोजन प्रस्ताव गरिएको छ।

छ) नोचा अमाही सडक कालोपत्रेको लाीग ७५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

२. शिक्षा तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गा.पा.बाट विद्यालयको भौतिक पूर्वाधार र विद्यालय व्यवस्थापनको लागि एकमुष्ट रु. ८० लाख विनियोजन प्रस्ताव गरिएको छ।

३. स्वास्थ्य तर्फ नेपाल सरकारको सशर्त अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकाबाट स्वास्थ्य नीतिहरुको कार्यान्वयनका लागि ५० लाख विनियोजन प्रस्ताव गरिएको छ।

४. कृषि तथा सिंचाईमा नेपाल सरकारको सशर्त अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ५० लाख विनियोजन प्रस्ताव गरिएको छ।

५. पशुपंक्षी सेवातर्फ नेपाल सरकारको सशर्त अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ३० लाख विनियोजन प्रस्ताव गरिएको छ।

६. महिला तथा बालबालिका तर्फ नेपाल सरकारको सशर्त अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि ५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

७. उर्जा तथा वातावरण शाखा तर्फ नेपाल सरकारको सर्शत अनुदानवाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रमका लागि रु. ५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

८. रोजगार सेवा केन्द्र तर्फ नेपाल सरकारको सशर्त अनुदान वाट प्राप्त रकमका अतिरिक्त गाउँपालिकावाट घोषित कार्यक्रम का लागि रु ४ लाख विनियोजन प्रस्ताव गरिएको छ।

९. सूचना प्रविधि शाखाको लागि रु. ५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

१०. धार्मिक तथा सांस्कृति कार्यक्रममा सहयोगका लागि रु. २५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

११. अपाङ्गता रोकथाम तथा पुन : स्थापना साझेदारी कार्यक्रमको लागि रु. २३ लाख ५२ हजार विनियोजन प्रस्ताव गरिएको छ।

१२. वारुणयन्त्र खरिद साझेदारीमा रु. ३० लाख विनियोजन प्रस्ताव गरिएको छ।

१३. न्यायिक समितिको कार्यक्रमको लागि रु. १५ लाख विनियोजन प्रस्ताव गरिएको छ।

१४. लक्षित वर्गका कार्यक्रमको लागि रु. १४ लाख विनियोजन प्रस्ताव गरिएको छ।

१५. सरस्वती पब्लिक क्याम्पसमा क्यान्टिन निर्माणका लागि रु. १० लाख विनियोजन प्रस्ताव गरिएको छ।

१६. वडा स्तरीय (वडा नं. १, २, ३, ४, ५, ६, ७) लागि रु.१ करोडका दरले रु ६ करोड र वडा नं. कालिगि रु १ करोड २० लाख गरी जम्मा रु. ७ करोड २० लाख विनियोजन प्रस्ताव गरिएको छ।

१७. संचालन खर्च प्रशासनिक तर्फ रु. १० करोड १ लाख ८ हजार ७ सय ९०विनियोजन प्रस्ताव गरिएको छ।

१८. सशर्त अनुदानमा तोकिए वमोजिमका शिर्षकहरुमा सोही शिर्षकमा खर्च हुने गरि रु. २१ करोड २ लाख ५२ हजार विनियोजन प्रस्ताव गरिएको छ।

अन्त्यमा यस सुन्दर धार्मिक, सांस्कृतिक, ऐतिहासिक तथा पुरातात्विक धनपालथान गाउँ पालिकाको विकास सम्वृद्धिका लागि निरन्तर सद्भाव र सहयोग गर्नु हुने सम्पूर्ण गाउँवासी महानुभावहरु, कर्मचारीहरु, विकास साझेदारहरु, सरकारी तथा गैरसरकारी, सामुदायीक संस्था, नागरिक समाजका अगुवाहरु लगायत सम्पूर्ण प्रति हार्दिक आभार प्रकट गर्दै बजेटको सफल सार्यान्वयनमा साथ सहयोगको अपेक्षा गरेको छु। आगामी दिनमा पनि यहाँहरुको सक्रिय र सार्थक सहभागिताले यस गाउँपाकिाको समग्र विकासमा टेवा पुग्छ भनि आशा गर्दै बजेट वक्तव्यको अन्त्य गर्दछु।

धन्यवाद/जय धनपालथान

नसिमा वानो उपाध्यक्ष,
धनपालथान गाउँपालिका मोरंग,
प्रदेश नं. १

# सवारी दुर्घटनाबाट तीन जनाको मृत्यु दुई जना घाईते

सुनसरी। सुनसरी जिल्लाको कोशी गाऊपालिका वडा नं. ८ नङ्गु टोल स्थित पुर्व-पश्चिम राजमार्गमा हायसले पिकअप र मोटरसाईकल ठक्कर दिँदा ३ जनाको मृत्यु र २ जना घाईते भएका छन्।

पुर्वबाट पश्चिम तर्फ जादै गरेको बा ३ ख ७२२४ नम्बरको हायस गाडीले बिपरित दिशाबाट आउदै गरेको स ६ प ४६६१ नम्बरको मोटरसाईकल र को १ च ९३६८ नम्बरको पिकअप गाडीलाई ठक्कर दिएको थियो।

सो दुर्घटनाबाट गम्भिर घाईते भएका मोटरसाईकल चालक सप्तरी डाक्नेश्वरी ५ का २८ बर्षीय उदय साह, मोटरसाईकल पछाडी सवार मोरङग बिराटनगर ९ का ४५ बर्षीय राम प्रसाद साह र पिकअप चालक बिराटनगर ७ का ४० बर्षीय अक्षय कुमार गुप्ताको जिल्ला अस्पताल ईनरुवा उपचारको क्रममा मृत्यु भएको छ।

उक्त दुर्घटनाबाट घाईते भएका हायस चालक नुवाकोट बिदुर नगरपालिका वडा नं. १३ का ३५ बर्षीय विवस तामाङ र हायसको सहचालक सोही स्थान ११ का २५ बर्षीय नारायण बत्सयालको बिराट नर्सिङहोममा उपचार भईरहेको छ। दुर्घटना भएका तिन वटै सवारी साधन प्रहरीको नियन्त्रणमा रहेको छ।

# लागुऔषध ब्राउनसुगर कारोबारमा संलग्न चारजना पक्राउ

झापा। झापाको दमकबाट लागुऔषध ब्राउन सुगर सहित ४ जनालाई प्रहरीले पक्राउ गरिएको छ।

दमक वडा नं. ६ थाना रोड स्थितबाट ईलाका प्रहरी कार्यालय दमकबाट खटिएको प्रहरी टोलीले चेकजाँच गर्ने क्रममा गौरादह ५ वालुवथान का २६ बर्षीय विवेक लिम्वु र २२ बर्षीय शौरभ राईको साथबाट लागूऔषध ब्राउन सुगर २ ग्राम फेला परेको थियो।

प्रहरीले थप अनुसन्धान गर्ने क्रममा उनीहरुले खरिद गरि ल्याएको स्थान खुल्न आए सगै ईलाम चुलाचुली वडा नं. ४ घर भई हाल दमक ५ मा बस्ने ३१ बर्षीय विक्रम राई र ३७ बर्षीय जेम्स भन्ने खगेन्द्र सावाको कोठाबाट पाँच लाख चौध हजार तीन सय सहित पक्राउ गरिएको थियो।

बिक्रम र खगेन्द्रलाई सोधपुछ गर्दा ईलामको घरमा लागूऔषध लुकाई राखेको भन्ने खुल्न आएकोले उनिहरुको घरमा गई खानतलासी गर्दा बिक्रम कोठाबाट लागूऔषध ५ ग्राम र खगेन्द्र सावाको कोठाबाट ब्राउन सुगर २ ग्राम ३०० मिलिग्राम बरामद गरेको हो। पक्राउ परेका चारैजना उपर ईलाका प्रहरी कार्यालय दमक झापाबाट थप अनुसन्धान भईरहेको छ।


## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन कामा सहयोग गर्ने।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०



## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

धनपालथान गाउँपालिका मोरंग प्रदेश नं. १

# लोहन्द्रा नदीमा ८ करोडको लगानीमा पुल निर्माण



विराटनगर । मोरंगको ग्रामथान गाउँपालिका वडा नं. ४ मोतिपुरमा ८ करोड भन्दा बढीको लगानीमा पक्की पुल निर्माण भएको छ । सो पुलको पूर्व बेलवारी गाउँपालिका वडा नं. ५ मा परेको छ ।

उक्त पुलले दुहबी-तेतरिया-मोतिपुर-चन्द्रगढी जोड्ने रणनीतिक सडक पनि जोड्ने स्थानीय बताउँछन् । संघीय सरकार सडक विभागद्वारा पुल निर्माण भएपछि भद्रपुरदेखि इनरुवासम्म जान तथा नयाँ बजार-मोतिपुर- सिद्रहा हुँदै बेलबारीसम्म जानका लागि पनि सजिलो हुने भएको छ ।

झण्डै ९७ मिटर लामो पुलका लागि सरकारले भ्याट बाहेक ८ करोड ३५ लाख ४५ हजार ७७८ रुपैयाँ लगानी गरेको छ । २०७४ साउनमा आएको बाढीले बगाएको मोरङ बेलबारी ५ र ग्रामथान जोड्ने लोहन्द्रा पुल अझै निर्माण भएको छैन । जसका कारण बाढीको समयमा सर्वसाधरण वारिपारि गर्न बञ्चित बनिरहेको बेला त्यसको विकल्पका झण्डै ७ किलोमिटर दक्षिणमा पर्ने उक्त पुल निर्माण भएपछि आवतजावतमा धेरै सहजता भएको ग्रामथान ४ का स्थानीय खिलेश्वर सुवेदी बताउँछन् ।

यसअघि सोही क्षेत्रबाट थुप्रै पटक निर्वाचित भएका सांसद महेश आचार्यले पुल निर्माणमा चासो दिएनन् तर, जनप्रतिनिधि परिवर्तन भएसँगै बढाएको पहलले पुल बनेको सुवेदीको दाबी छ । धरानको सूर्या एण्ड सन्स प्रा.लि. नामक निर्माण कम्पनीले २०७५ वैशाख १३ गतेदेखि काम सुरु गरेको थियो । सडक डिभिजन कार्यालय विराटनगरका इन्जिनियर सुरेश झाका अनुसार अबको डेढ महिनाभित्र शतप्रतिशत पुल निर्माण हुने बताए । हाल ९५ प्रतिशत काम सम्पन्न भइसकेको झाको दाबी छ ।

बेलबारी र ग्रामथान गाउँपालिका जोड्ने पुल यसअघि लोहन्द्राको खोलामा आएको बाढीले बगाएको र त्यहाँ बनिनसकेको कारण यो बाटो एकदमै उपर्युक्त रहेको त्यस क्षेत्रका निवर्तमान संघीय सांसद अमनलाल मोदीको भनाइ छ । आफूले निर्वाचनको बेला प्रतिबद्धता जाहेर गरे अनुसार ठूलो मेहनतले पहल गर्दा पुल निर्माण भएको मोदीको भनाई छ ।

पुल बनेपछि किसानलाई धेरै सहज भएको ग्रामथान गाउँपालिकाका अध्यक्ष शिवनारायण माझीले बताए । 'बाढी आयो भने खोलाबाटै तर्नुपर्ने बाध्यता किसानलाई थियो, पुल बनेपछि खेतिपातीमा जान आउनका लागि पनि किसानलाई सहज भएको छ,' उनले भने, 'बेलबारी, कसेनी, मोतिपुर जोड्न मात्रै नभएर झापाको भद्रपुरबाट विराटनगरसम्म आउजाउका लागि पनि यो पुल महत्वपूर्ण रहेको छ ।'

'खेती पारी छ, घर यता छ, एता स्कुल छ उता घर छ, हाटबजार जान आउन पनि असहज अवस्था थियो,' ग्रामथान-४ का स्थानीय खिलप्रसाद दाहालले बताए, 'पुल निर्माण भएको छ, यसले हामीलाई धेरै सहज भएको छ ।'

सोही पुलको सुरक्षाका लागि बाँध निर्माण पनि धमाधम भइरहेको छ । ४८ लाख रुपैयाँ लागतमा यस वर्ष बाँध निर्माणको काम भइरहेको कोशी तथा बक्राहा नदि व्यवस्थापन आयोजना प्राविधिक शाखाका इन्जिनियर कृष्णप्रसाद खतिवडाले बताए ।

# लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ६ पक्राउ

बिराटनगर । मोरङ, झापा र सुनसरी जिल्लाको तीन छुट्टाछुट्टै स्थानबाट नियन्त्रीत लागुऔषध ब्राउनसुगर र ट्याब्लेट सहित ६ जना पक्राउ परेका छन् ।

पक्राउ पर्नेमा मोरङको बेलवारी नगरपालिका वडा नं. १ हटिया लाईनबाट लागुऔषध ट्याब्लेट सहित ४ जना, झापाको मेचीनगर नगरपालिका वडा नं. ६ बाट ब्राउनसुगर सहित १ जना र सुनसरीको लौकहीबाट डाईलक्स डि.सी. सहित १ जना पक्राउ परेको हो ।

ईलाका प्रहरी कार्यालय बेलवारीबाट खटिएको प्रहरी टोलीले मंगलवार बेलवारी नगरपालिका वडा नं. १ का २५ बर्षीय रिकल कोईराला, २४ बर्षीय केशव गुरुङ, २७ बर्षीय बिशाल गुरुङ र ३५ बर्षीय सुरज गुरुङ रहेको छ । उनीहरुको साथबाट डाईजेबल १७ एम्पुल, फेनेरगन १७ एम्पुल, एभिल १७ एम्पुल र लुपिजेसिक १७ एम्पुल सहित पक्राउ गरेको थियो ।

त्यसैगरी ईलाका प्रहरी कार्यालय काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले बुधवार ३ ग्राम लागुऔषध ब्राउनसुगर सहित मेचीनगर नगरपालिका वडा नं. ६ का २७ बर्षीय देवेन्द्र थापालाई पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय लौकहीबाट खटिएको प्रहरी टोलीले धरान उप-महानगरपालिका वडा नं. १२ घर भई ईटहरी बस्दै आएका ४२ बर्षीय दुधिर श्रेष्ठलाई २० बोतल लागुऔषध डाईलक्स डि.सी. सहित कोशी गाउँपालिका वडा नं. १ बाट पक्राउ गरेको हो ।

लागुऔषध सहित पक्राउ परेका उनीहरुको सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

# बालगृहको छतबाट हामफालि भागेका चारै जना पक्राउ

बिराटनगर । बिराटनगर महानगर पालिका वडा नं. ३ स्थित रहेको बालसुधार गृहको छतबाट हामफाली भागेका चारै जनालाई पुन : पक्राउ गरेका छन् ।

बालसुधार गृहको छतबाट हामफाली आषाढ १२ गते अन्दाजी ३ बजे ४ जना बाल विज्याईकर्ताहरु भागी फरार भएको थियो ।

फरार भएका मध्ये तत्कालै बिराटनगर महानगर पालिका वडा नं. ३ बाट पक्राउ गरीएको थियो ।

बांकी तीन जना जिल्ला प्रहरी कार्यालय मोरङ र १ नं. प्रदेश प्रहरी कार्यालय रानी विराटनगर रिट शाखाबाट खटिएको प्रहरी टोलीले खोजतलास गर्ने क्रममा आज अन्दाजी ९ बजे विराटनगर महानगरपालिका वडा नं.-४ स्थित पुलचोक नहर छेउबाट पक्राउ गरिएको छ ।

साथै निजहरू सामान्य घाईते समेत रहेको देखिएकोले उपचारको लागि कोशी अस्पताल विराटनगर पठाई आवश्यक अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालय मोरंगले जनाएको छ ।

# दुर्घटनामा १ को मृत्यु ३ घाईते

पाँचथर । पाँचथर फालेलुङ गाँउपालिका ३ माङलेबुङ स्थितमा ट्याक्टर दुर्घटना हुँदा एक जनाको मृत्यु र तिन जना घाईते भएका छन् ।

हिजो बेलुका ५ बजे माङलेवुङबाट मेमेङ तर्फ जस्ता तथा खाद्यन्न लिई जादै गरेको मे१त ६५७७ नम्बरको ट्याक्टर अचानक सडकबाट अन्दाजी ३० मिटर तल झरेको थियो ।

सो दुर्घटनाबाट सोही स्थानका ५४ बर्षीया लक्ष्मी बिष्टको घटनास्थलमानै मृत्यु भएको छ । घटनाको जानकारी पाए लगतै ईलाका प्रहरी कार्यालय मेमेङबाट प्रहरी टोली खटि गई घाईतेहरु सोही स्थानका चालक ४० बर्षीय अक्कल बहादुर लिम्वु, सोही स्थानका ४६ बर्षीय कर्ण राई र सोही स्थानका ३० बर्षीय मन कुमार राईलाई उपचारको लागी जिल्ला अस्पताल पाँचथरमा पठाईएकोमा चालक लिम्बुलाई थप उपचारको लागी बिर्ता सिटी अस्पताल बिर्तामोड पठाईएको छ भने बाकी घाईते डिस्चार्ज भई घर फर्केका छन् ।


कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानुनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसावमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर





# कटहरी...

सुधारमा सहयोगप पुग्ने नीति अवलब्वन गरिएको छ। पोशाकमा उकरुपता कायम गर्न बालविकास केन्द्र देखि कक्षा २ सम्मका सम्पूर्ण विद्यार्थीहरुलाई पोशाक उपलब्ध गराईनेछ। साथै अंग्रेजी माध्यमका पाठपुस्तक समेत निशुल्क दिईनेछ।

- यूवाका लागि खेलकुद, राष्ट्रका लागि खेलकुद र स्वास्थ्यका लागि खेलकुद भन्ने मूल नाराका साथ प्रत्येक वडामा खेलकुद जन्य क्रियाकलाप संचालन गरिनेछ। खेल क्षेत्रमा यूवाहरुलाई आकर्षित गर्न यसै वर्ष देखि वडास्तरीय अध्यक्ष कप क्रिकेट प्रतियोगिता संचालन गरिनेछ। वालुघाट क्षेत्रमा रंगशाला निर्माण गर्न आवश्यक पहल गरिनेछ ।

२.२ स्वास्थ्य क्षेत्र

- अति विपन्न, पिछडिएका समुदाय र जोखिममा परेका जस्ता उपचार खर्च जुटाउनै नसक्नेका वर्गका लाीग आर्थिक सहयोग र्न आकस्मिक स्वास्थ्य उपचार कार्यक्रम ल्याईनेछ।

- कटहरी गाउँपालिका वडा नं. ६ मा १५ सैयाको अस्पताल निर्माण गर्न सुरु गरिनेछ। भौडाह स्वास्थ्य चौकीमा स्वास्थ्य परिक्षण गर्न ल्याब संचालनमा ल्याइनेछ। गर्भवती तथा सुत्केरीलाई गाउँपालिकाको स्वास्थ्य संस्थामा आउन जान निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था गरिनेछ। साथै गर्भवती महिलाहरुलाई निशुल्क ल्याब जाँचसेवाको व्यवस्था गरिनेछ।

- जेष्ठ नागरिक ताथा अपाङ्गहरुको घर दैलोमा पुगी औषधी उपचार कार्यक्रम संचालनमा ल्याईनेछ।

- गाउँपालिका क्षेत्रभित्रका नागरिकहरुको आकमिक स्वास्थ्य समस्यासँग जुध्नको लागि आवश्यक प्रबन्ध मिलाइनेछ। आधारभूत आवश्यकताको रुपमा रहेको स्वास्थ्य सेवालाई अझ विश्वासिलो र भरपर्दो बनाउन गाउँ क्षेत्रमा रहेका स्वास्थ्य चौकीहरुको भौतिक पूर्वाधार सुधार गरी साधन सम्पनन बनाउँदै लगिनेछ।

२.३ खानेपानी तथा सरसफाई क्षेत्र

- स्वच्छ तथा सफा खानेपानीमा सबैको पहुँच स्थापित गर्न खानेपानी सम्बन्धी आयोजनाहरु संचालन गरिनेछ। खानेपानी सुरक्षा योजना खानेपानी मर्मत आयोजना तथा स्यालो ट्यूवेल निर्माण कार्यक्रमहरुलाई निरन्तरता दिईनेछ। सन्थाल बस्ती वालुघाटमा खानेपानी ट्युवेलको व्यवस्थापन गरिने छ।

- फोहरमैला व्यवस्थापन गर्ने, खानपानी शुद्धीकरण गरेर मात्र पिउने, सरसफाइमा ध्यान दिने संस्कारको विकास गर्न 'सफा र स्वाच्छ खानपान, कटहरीको शान' को नारा अगाडि सारी त्यसलाई मूर्तरुप दिनका लागि आवश्यक कार्यक्रमहरु ल्याइनेछ।

- 'प्रदुषा गर्नेले तिर्नु पर्छ' भन्ने सिद्धान्त अनुरुप सबै उद्योग तथा कलकारखानालाई जवाफदेहि बनाई करको दायरामा ल्याईने छ।

- बजार उन्मुख क्षेत्रको फोहोर मैला व्यवस्थापन गर्न बृहत गुरुयोजना, रणनीति तथा कार्यक्रमहरु ल्याईनेछ। डम्पीङ्ग साइटको निर्मा गरी फोहोरलाई व्यवस्थापन गरिनेछ।

२.४ लैंगिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी

- जसको सवपाल उसको संलग्नता नेतृत्व भन्ने नााका साथ बाल क्लब, महिला समूह, एकल महिला संजाल, जेष्ठ नागरिक क्लब, दलित समूह, अपांगता भएका व्यक्तिहरुका संस्थाको सशक्तिकरण र सवलिकरणमा जोड दिइनेछ।

- बालमैत्री स्थानीय शासन अवधारणलाई गाउँका सम्पूर्ण वडाहरुमा क्रमश: लागु गर्दै लगिनेछ। प्रत्येक वडामा बाल क्लवहरु गठन गरिनेछ। बालबालिकाको शारीरिक, मानसिक एवं व्यक्तित्व विकासका लागि प्रवर्द्धनात्मक र्काक्रमहरु संचालन गरिनेछ।

- परम्परागत सीप दक्षता र विशेषतामा आधारित आयमूलक सीप मूलक कार्यक्रमहरु संचालन गर्दै तिनको आर्थिक सामाजिक स्तरमा वृद्धि गरिनेछ। सामाजिक समावेशीकरणको अवधारणा अनुसार सचेतीकरण, सीप क्षमता विकासको अवसर प्रदान गरी विकासको मूलप्रवाहमा ल्याउने कार्यक्रमहरु संचालन गरिनेछ।

२.५ सामाजिक सुरक्षा तथा संरक्षण

- विपन्न, जोखिममा परेका तथा असहाय वर्गको लागि आकस्मिक उपचार सहयोग कार्यक्रम संचालनमा ल्याईनेछ। सोही वर्गलाई मृत्युपश्चात काज क्रिया गर्नको लागि रु. ७०००।- उपलब्ध गराईनेछ।

- अनाथ बालबालिकाको शिक्षा तथा भरण पोषणका लागि मासिक रु. २०००।-उपलब्ध गाराईनेछ। विपन्न तथा दलित वर्गलाई बालपोषण बापत उपलब्ध गराउदै आएको कार्यक्रमलाई निरन्तरता दिईनेछ।

- लैङ्गिक हिंसा पीडितहरुका लागि उद्दार तथा पुर्नस्थापना सहयोग कार्यक्रम ल्याईनेछ।

- गरीब लक्षित विशेष कार्यक्रम संचालन गरी गरीब घर परिवार पहिचान तथा परिचयपत्र वितरण कार्यक्रम संचालन गरिनेछ। पहिचान भएका घर परिवारलाई विशेष प्याकेजको व्यवस्था गरी गरिवी निवारणमा आवश्यक कदम चालिनेछ।

३. पूर्वाधार विकास क्षेत्र।

३.१ सडक तथा भवन निर्माण क्षेत्र।

- सडक तथा सार्वजानिक बाटो, डगर अतिक्रमण गरि बनाइएका संरचनालाई हटाउँदै लगिनेछ। गाउँपालिकाको केन्द्र र वडा जोड्ने सडकको चौडाई कम्तिमा ६ मिटरको बनाउने र वडा स्तरीय सडकहरु न्यूनतम ४ मिटरको बनाइने नीति कडाइका साथ लागु गरिदै लगिनेछ। गाउँपालिकाको रिंगरोड कालोपत्रे परियोजनालाई द्रुत रुपमा सम्पन्न गर्न आवश्यक व्यवस्था गरिनेछ।

- उत्कृष्ट सेवा प्रवाहको आधार : राम्रो पूर्वाधार भएकोले गाउँपालिकाको कार्यालय, वडा कार्यालय जस्ता अत्यावश्यकीय भवन संरचनाहरुको निर्माणमा उच्च प्राथमिकता दिइनेछ। साथै स्वास्थ्य चौकी, वर्थिङ्ग सेन्टर, विद्यालय भवन निर्माण, सामुदायिक भवन जस्ता भौतिक संरचनालाई पनि उच्च प्राथमिकता दिने नीति लिइएको छ।

- निर्माण भई सकेका पूर्वाधार ममृत संभार गर्नुपर्ने अवस्थामा गाउँपालिकाले खडा गरिको मर्मत संभार कोषवाट प्राथमिकताका आधारमा मर्मत संभार कोषबाट प्राथमिकताका आधारमा मर्मत गर्ने नीति लिइनेछ।

- पुर्वाधार निर्माण गर्दा महिलामैत्री, बालमैत्री, अपाङ्गमैत्री तथा वातावरण मैत्री पूर्वाधार निर्माण गर्ने नीति लिइनेछ।

- ऐलानी-पर्ति जग्गा, सार्वजनिक बाटो तथा डगर सार्वजनिक गौचरण, नदी कटानवाट उकास भएको जग्गा, सार्वजनिक पोखरीका डिलहरुको सिमांकन गरी रेकर्ड राख्ने तथा संरक्षण गर्ने कार्यमा तीब्रता दिइनेछ।

३.२ सिंचाई तथा उर्जा

- गाउँपालिकाका सबै क्षेत्रमा आवश्यक सिंचाईको प्रबन्ध गरी जमिन बाँफो रहने व्यवस्थाको अन्त्य गरिनेछ नहर तथा पैनीको पहुँच नपुगेको कृषि योग्य जमिनका लागि वोरिङ्ग सिंचाई कार्यक्रम तथा साना सिंचाई कार्यक्रम जस्ता भूमिगत सिंचाई आयोजनाहरु संचालन गरिनेछ।

- हाम्रो गाउँपालिका उज्यालो गाउँपालिका बनाउन गाउँपालिका भर विद्युतीय करण कार्यमा जोड दिइनेछ। बस्तीभित्रका सडकको पोलहरुमा बत्ति जडान तथा सोलर सडक बत्ति जडान कार्यलाई प्राथमिकता दिईनेछ।

- स्थानीय स्तरमा उपलब्ध हुन सक्ने वैकल्पिक उर्जाका श्रोतहरुको पहिचान गर्रा बायो ब्रिकेट, होम सोलार सिस्टम, सुधारिएको चुल्हो, सामुदायिक बायोग्यास प्लान्ट जस्ता कार्यक्रमहरु संचालन गर्दै प्राकृतिक श्रोत र साधनको समुचित प्रयोग र व्यवस्थापनमा जोड दिर्दै लगिनेछ।

३.३ संचार तथा सूचना प्रविधि

- प्रविधीमा सबैको पहुँच स्थापना गर्नका लागि गाउँपालिकाका मुख्य-मुख्य स्थानमा फ्रि वाइफाई जोन स्थापना गरिनेछ। ग्रुप एसएमएस, एल इ डी डिस्पले वोर्ड जस्ता प्रविधि मैत्री उपकरणहरुको व्यवस्थापनमा जोड दिईने छ।

४. वातावरण तथा विपद्ध व्यवस्थापन क्षेत्र

- बाढी-पहिरो, आगलागी, भूकम्प, हुरीबतास, असिना, चट्याङ्ग जस्ता प्रकोप एवं तिनीहरुबाट हुने क्षाति न्यूनीकरण गरिनेछ र गाउँपालिकाको 'विपद्ध व्यवस्थापन कोष' बाट विपदमा परेका घर परिवारलाई राहत उपलब्ध एवं क्षति ग्रस्त बाटो, पैनी आदि तत्काल मर्मत गरिनेछ। विपदको पूर्व तयारी, रोकथाम, उद्धार, राहत वितरण तथा पुनस्थापना कार्यहरु संचालन गरिनेछ।

- सिंघिया, जुडी तथा लोहन्द्रा नदि कटान नियन्त्रणका लागि जोखिम युक्त क्षेत्रमा स्पर, बाँध तथा तटवन्ध निर्माणको कार्यलाई प्राथमिकताका साथअगाडि बढाइनेछ। साथै नदि किनारामा बाँस लगायतका विरुवा रोपण गर्ने कार्यलाई अघि बढाइनेछ। प्रधानमन्त्री रोजगार कार्यक्रम तथा युवा रोजगारीका लाग रुपमान्तरण पहल परियोजनासँग आवश्यक समायोजन गरी सडक, टोल तथा वस्तीमा वृक्षारोपण लगायतका क्रियाकलापहरुको संख्या तथा बारमरता वृद्धि गरिनेछ।

५. संस्थागत विकास, वित्तीय व्यवस्थापन तथा सुशासन

५.१ संस्थागत विकास

- व्यक्तिगत घटना दर्ताको लागि घटना भएको ३५ दिन भित्रमा अनिवार्य रुपमा व्यक्तिगत घटना दर्ता गर्न प्रोत्साहन गर्न आवश्यक नीति तयार गरि लागू गरिनेछ र गाउँपालिकालाई व्यक्तिगत घटनादर्ता यूक्त गाउँपालिका बनाइनेछ।

- उपलब्ध जनशक्तिको क्षमता विकास गर्दै उत्कृष्ट कर्मचारीहरुलाई कार्य सम्पादन मूल्याँकनको आधारमा पुरस्कृत गर्ने प्रणाली लागु गरिनेछ। मौजुदा जनशक्तिलाई दक्ष तथा सक्षम बनाउन तालिक दिने नीतिलाई प्राथमिकता दिईनेछ।

- गाउँ कार्यपालिकाको कार्यालय तथा अन्तर्गका कार्यालयहरुबाट हुने प्रवाह हेने सेवाको गुणस्तर अभिवृद्धि गरी सो प्रवाहमा प्रभावकारिता ल्इाउनको लागि सबै कार्यालयमा कम्प्युटर, प्रिन्टर र इन्टरनेट जस्ता अत्यावश्यक वस्तुहरुको व्यवस्था गरिनेछ। हस्तलिखित कागजातलाइ पूणतया हटाएर क्रमश: एकीकृत सुचना तथा सेवा व्यवस्थापन प्रणाली, कम्प्युटरमा आधारित कार्यप्रणलाा तथा डाटाबेसको निर्माण गर्दै कटहरी गाउँपालिकालाई मोरंग जिलाकै पहिला विद्युतीय शासनयुक्त गाउँपालिका बनाउनको लागि आवशयक तयारी गरी लागु गरिनेछ।

५.२ वित्तीय व्यवस्थापन तथा सुशासन

- मालपोत लगायतको कर शुल्क तोकिएको समयमा नतिर्ने सेवाग्राहीहरुलाई कर तिर्न प्रोत्साहन गरिनेछ। आर्थिक ऐनको अनुसूची १ र २ बमोजिमका करहरुमा चालु आ.व. भित्रै भुक्तानी गरेको खण्डमा कुल कर लाग्ने रकमको १० प्रतिशत छुट दिईने छ।

- गाउँपालिकाका गतिविधिहरु तथा गाउँलिकाले सम्पादन गरेका कार्यहरु रेडियो, पत्रपत्रिका, वेभसायट तथा मोबाइल एप्माफत सम्पूण नागरिकहरुमा सार्वजनिक गरिनेछ।

- टोल विकास संस्थाको गठन, अनुशिक्षणका कार्यक्रमहरु संचालन गरिनेछ। उपभोक्ता समितिबाट हुने कामकारवाहीलाई प्रभावकारी बनाउन आवश्यक अभिमुखिकरण कार्यक्रम संचालन गरिनेछ।

- सेवा प्रवाहको गुणस्तर अभिवृद्धि गरी नागरिकका प्रत्येक सुख, दु:खमा सक्दो सहयोग गर्ने गरी गाउँपालिका संवेदनशील हुनेछ र जनतालाई वास्तविक रुपमै सरकारको उपस्थितिको आभास दिलाउने नीतिलाई कडाइका साथ कार्यान्वयन गरिनेछ।

- जननिर्वाचित पदाधिकारी र कर्मचारीतन्त्र बीचको सुमधुर सम्बन्धलाई आपसी हातेमालो मार्फत अझ प्रगाढ बनाउँदै सामूहिक प्रयत्नवबाट विकासका अपेक्षित प्रतिफल हासिल गर्नका लाग प्रशासन र राजनीति : प्रतिस्पर्धी होइन साथी को नीति लिइनेछ।

- म्याद गुज्रेका ओषधि खाद्यपदार्थ एवं पेय पदार्थबाट मानव स्वास्थ्यमा हुने हानिलाई रोक्न नियमित रुपमा बजार अनुगमनको व्यवस्था मिलाइनेछ। लागुऔषध दुर्व्यसनी विरुद्ध, लैङ्गिक हिंसा विरुद्ध, बालश्रम विरुद्ध लगायतका सचेतना कार्यक्रमहरु संचालन गरिनेछ।

- स्थानीइ स्तरमा हेने विवाद, झै-झगडा स्थानीय स्थरमै निरुपण गर्नका लागि मेलमिलाप केन्द्रहरुको व्यवस्थापन सम्पन्न गरिनेछ। विवाद निरुपणका लाग बादी प्रतिवादलि छनौट गरेका दुई जना मेलमिलापकताईलाई एउटा विवाद निरुपण गरे वापत रु ५००।- को दरले भत्ता उपलब्ध गराईनेछ ।

सभाका आदरणीय उपाध्यक्षज्यू, सम्मानित गाउँसभाका सदस्यज्यूहरु तथा उपस्थित अतिथि महानुभावहरु,

म अब आगामी वर्षको लागि प्रस्ताव हुने आय व्इयको खाका अन्तर्ग यस गाउँपालिकाको आय बारेमा प्रकाश पार्न चाहान्छु। आगामी आर्थिक वर्षको लाग आन्तरिक आम्दानी रु. १ करोड १५ लाख प्राप्त हुने प्रषेपण गरेको छु। त्यस्तै घर जग्गा रजिष्ट्रेशन दस्तु वापत रु. १ करोड ५० लाख प्राप्त हुने अनुमान गरेको छु। नेपाल सरकारबाट संघयि राजश्व बाँडफाँड वापतको रकम रु. ७ करोड ७१ लाख ६४ हजार, संघीय समाननीकरण वापत रु. १३ करोड ६३ लाख संघिय सशतृ चालु अनुदान रु. १४ करोड ३८ लाख, संघीय सशर्त पूँजीगत अनुदान ९५ लाख संघीय विशेष अनुदान चालु रु. ४२ लाख, संघीय विशेष अनुदान पूँजीगत ४२ लाख र संघीयसमपूरक अनुदान रु १ करोड ३९ लाख प्राप्त हुने अनुमान गरेको छु। त्यस्तै प्रदेश सरकारबाट राजश्व वाँडफाँडरकम रु ४५ लाख ६१ हजार ६ सय , समानीकरण रु. ७९ लाख ३५ हजार, शशर्त अनुदान रु १८ लाख ७२ हजार र समपुरक अनुदान रु १ करोड प्राप्त हुने अनुमान गरेको छ। आर्थिक वर्ष ०७७/०७८ को खर्च हुन वांकी अनुमानित रकम रु १ करोड गरी जम्मा कुल बजेट रु ४४ करोड ९९ लाख ३२ हजार ६ सयको प्रक्षेपण गरिको छु। धन्यवाद।






## कोरोना (C0VID–19) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ते हुनु।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने।

कटहरी गाउँपालिका मोरंग प्रदेश नं. १




बाकी अन्तिम पेजमा...